मिति: ………………….

# प्रभु एसएमएस बैंकिङ्ग (SMS Banking)/एम- वालेट (Mwallet) आवेदन फारम

प्रभु बैंक लिमिटेड

…………………………………शाखा कार्यालय

महोदय,

म/हामी, तल उल्लेखित विवरण अनुसार, मेरो/हाम्रो नाममा प्रभु एसएमएस बैंकिङ्ग/एम-वालेट सेवा जारी गरीदिनु हुन अनुरोध गर्दछु/गर्दछौ ।

**खातावालाको विवरण:**

पुरा नाम- १ (देवनागरीमा) : श्रीमान / श्रीमती/सुश्री……………………………………………………………………………..

Name in Capital Letters : Mr./Mrs./Miss……………………………………………………………………………

संयुक्त खाता भएमा,

पुरा नाम- २ (देवनागरीमा) : श्रीमान / श्रीमती/सुश्री……………………………………………………………………………..

Name in Capital Letters : Mr./Mrs./Miss……………………………………………………………………………

खाता नंम्बर :१) ☐☐☐☐☐☐☐☐☐☐☐☐

:२) ☐☐☐☐☐☐☐☐☐☐☐☐

लिङ्ग : ☐ पुरुष ☐ महिला ☐ अन्य

ग्राहकको प्रकार : ☐ व्यक्तिगत ☐ संस्थागत

ठेगाना : ………………………………………………………………………………………

मोबाइल नंम्बर : ☐☐☐☐☐☐☐☐☐☐ वैकल्पिक टेलिफोन नंम्बर ☐☐☐☐☐☐☐☐☐☐

इमेल ठेगाना : ………………………………………………………………………………………

**आवश्यक सेवा:** (*कृपया आफुले लिन खोजेको सेवामा मात्र (√) ठिक चिन्ह लगाउनुहोस्।*)

☐ **एसएमएस बैंकिङ्ग (SMS Banking)**

- ✓ **सोधपुछ सेवा:**
  - o मौज्दात जानकारी
  - o विनिमय दर जानकारी
  - o बैंकिङ्ग समय जानकारी
  - o पछिल्लो तिन कारोवारको जानकारी
- ✓ **अनुरोध**
  - o स्टेटमेन्ट
  - o चेक बुक

☐ **रु. १,०००/- माथिको कारेवार सचेतक (Transaction Alert)**

☐ **एम- वालेट (mWwallet)**

- ✓ **एसएमएस बैंकिङ्ग अन्तर्गतका सबै सेवा**
- ✓ **उपयोगिता बिल भुक्तानी /रिचार्ज कार्ड खरिद**
  - o प्रिपेड मोबाइल रिचार्ज कार्ड
  - o पोष्टपेड मोबाइल फोन बिल भुक्तानी
  - o पिएसटिएन ल्याण्डलाइन बिल भुक्तानी
  - o एडिएसएल बिल भुक्तानी
- ✓ **अन्य खातामा रकमान्तर ( प्रभु बैंक भित्र)**
- ✓ **अन्तर बैंक रकमान्तर**
- ✓ **अन्य व्यापारिक भुक्तानी**
- ✓ **रु. १,०००/- माथिको कारोवार सचेतक (Transaction Alert)**

**घोषणा:** यस निवेदनको पछाडि पृष्ठमा उल्लेखित एस.एम.एस. बैकिङ्ग/एम-वालेट सेवा सम्बन्धी सबै नियमहरु पढी बाँची बुझेको छु/छौं । म/हामी यस एस.एम.एस. बैकिङ्ग/एम क्यास सेवाको हालको प्रचलित नियम र पछि लागू हुने नियमहरु पालना गर्न समेत मंजुर गर्दछु/गर्दछौं । यस सेवा लिदा पेश गरेका कागजात र सूचनाहरु ठिकसाँचो हुन, यसमा फरक पर्ने छैन र कहिं कतैबाट झुटो ठहरिन आएमा प्रचलित ऐन कानुन अनुसार हुने कारवाही स्विकार गर्न समेत मंजुर गर्दछु/गर्दछौं ।

____________ हस्ताक्षर - १

____________ हस्ताक्षर - २ (संयुक्त खाता भएमा)

---

## कार्यालय प्रयोजनको लागी मात्र

**दरखास्त भएको ग्राहकको प्रोफाइल** ________________

**आवेदन प्रक्रिया शुरु गर्ने** **रुजु गर्ने** **स्वीकृत गर्ने**

## शर्त तथा नियमहरु

**१. निर्देशन:**

१.१ एसएमएस बैंकिङ्ग/एम- वालेट सेवा जुनसुकै परिस्थितीमा पनि ग्राहक बाहेक अन्य व्यक्तिहरुमा हस्तान्तरण हुने छैन । बैंकले यी सेवाहरु पूर्ण रुपमा ग्राहकले मात्र प्रयोग गर्ने अख्तियार प्रदान गरेको छ ।

१.२ बैंकको कारोवार विवरण अभिलेखहरु नै ग्राहकले आधिकारिक अभिलेख र बाध्यात्मक अभिलेखको रुपमा स्वीकार गर्नु पर्दछ ।

१.३ यस सेवा मार्फत गरेको कार्यहरु नियमित र व्यवसाय प्रणाली अनुरुप उचित र व्यवहारिक हुन् भन्ने लागेमा बैंकले ग्राहकको आदेश पालना गर्नेछ ।

१.४ एसएमएस बैंकिङ्ग/एम- वालेट सेवाको प्रयोग प्रचलित कानुन तथा बैंकको नीति अनुसार हुनेछ ।

१.५ बैंकले समय समयमा सेवा उपलब्ध गराए बापत माग गरेको विवरण ग्राहकले उपलब्ध गराउनु पर्नेछ ।

१.६ प्रचलित कानुन अनुसार कुनै पनि व्यक्ति/संस्था लगायत तेस्रो पक्षलाई खाता सम्वन्धि सूचना प्रदान गर्नु पर्ने भएमा सो अधिकार बैंकलाइ रहने छ ।

१.७ बैंकले कुनै पनि समय, सूचना वा कारण दिई वा नदिई ग्राहकले प्रयोग गरिरहेको सेवाहरु निलम्वन वा स्थगित गर्न सक्दछ ।

१.८ बैंकले प्राप्त गरेको सबै आदेशहरु आफ्नो स्वविवेकमा कार्यान्वयन गर्न सक्दछ र कुनै दायित्व बिना ग्राहक वा ग्राहकले दिएको आदेश कुनै पनि समय सूचना दिई वा नदिई रद्द गर्न वा कार्यान्वयन गर्न अस्वीकार गर्न सक्दछ ॥

**२. दायित्व सम्बन्धि शर्तहरु:**

२.१ ग्राहक (एसएमएस बैंकिङ्ग/एम- वालेट सेवा प्रयोगकर्ताले) तल उल्लेखित अवस्थामा बैंकको कुनै पनि दायित्व नरहने मंजुर गर्दछु/छौ:

२.१.१ उल्लेखित कुनै पनि शर्त तथा नियमहरु उल्लंघन गरेमा वा

२.१.२ कुनै पनि अनाधिकृत पहुँचबाट भएको गलत कारोवार पर्याप्त समय भित्र बैंकलाई जानकारी नगराएको खण्डमा भएको क्षति वा

२.१.३ ग्राहकले आफ्नो मोबाइल नंम्बर परिवर्तन वा अन्त्य भएको जानकारी बैंकलाई नगराएमा

२.२ यदि प्रकृतिक प्रकोप, कानुनी अड्चन, दुरसंचार नेटवर्कको गल्ती/असफलता लगायत, बिभिन्न कारणहरु वा बैंकको काबू बाहिरका अन्य कारणहरुबाट सेवा उपलब्ध हुन नसकेमा बैंक जिम्मेवार हुने छैन । कनै व्यक्तिले यस सेवाको अनाधिकृत प्रयोग गरी उत्पन्न हुने कुनै पनि जोखिम, शुल्क, क्षति प्रति बैंकको कुनै दायित्व रहने छैन, सोबाट उत्पन्न हुने जोखिम र आर्थिक क्षति प्रति खातावाला स्वयम् जिम्मेवार रहनेछ । साथै यसरी उत्पन्न हुने क्षति प्रति बैंकले निर्णय गरे बमोजिमको क्षतिपूर्ती तिर्न ग्राहक बाध्य हुनेछ र यस्ता ग्राहकहरुको सेवा बन्द गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

२.३ कुनै मोबाइल सेवा प्रदायक वा कुनै तेस्रो सेवा प्रदायकले (बैंकले आफ्नो तर्फबाट नियुक्त गरेको प्रतिनिधि वा अन्य कुनै प्रतिनिधि) ग्राहकलाई उपलब्ध गराएको सेवाको कारण सेवामा कुनै असर पुग्न गएमा, गल्ति वा छुट भएमा बैंकको कुनै जिम्मेवारी रहने छैन ।

२.४ यस सेवाबाट पठाइएको व्यक्तिगत वा कुनै अरु सन्देशहरुको गोपनियता वा सुरक्षाको जिम्मेवारी बैंकले दिने छैन । सिस्टम तथा नेटवर्क वा त्यसको काम वा कार्यसम्पादनसँग सम्बन्धित वा यस सेवासँग सम्बन्धित ग्राहक वा कुनै अन्य व्यक्तिका कारण ग्राहकले कुनै क्षति वा नोक्सानी बेहोर्नु परेमा बैंक जिम्मेवार रहने छैन ।

२.५ उल्लेखित तोकिएका शर्त तथा नियमहरु बाहेक, यस सेवासँग सम्बन्धित दूरसंचार उपकरण, संचार संजाल, मोबाइल सेवा प्रदायक र बैंकको सिस्टममा कुनै प्रकारको गडवदि, बाधा उत्पन्न भएमा, सेवा अवरुद्द भएमा, निलम्बनमा परेमा जस्ता कुनै पनि कारणबाट उत्पन्न हुने क्षतिहरुका कारणले बैंकले ग्राहकको अनुरोध प्राप्त गर्न वा कार्यान्वयन गर्नमा बाधा भएमा बैंक वा बैंकका कर्मचारीहरु जिम्मेवार रहने छैनन् ।

२.६ यस शर्त तथा नियमहरुको विपरीत भए पनि, कुनै मोबाइल सेवा प्रदायक वा कुनै तेस्रो सेवा प्रदायक (बैंकले आफ्नो तर्फबाट नियुक्त गरेको वा अन्य कुनै) र ग्राहकको विवादमा बैंक समावेश हुने छैन वा यस सम्वन्धि बैंकको कुनै दयित्व रहने छैन ।

२.७ ग्राहकको व्यक्तिगत पिन (PIN) सुरक्षित राख्न ग्राहक आफै जिम्मेवार हुनेछ ।

२.८ बैंकले ग्राहक वा ग्राहक भनी दावी गर्ने कुनै आधिकारिक वा अनाधिकृत व्यक्तिले दिएको आदेशको पालना गर्दा ग्राहकले वा कुनै तेस्रो पक्षले क्षति बेहोर्नु परेमा त्यसमा बैंकको कुनै दायित्व रहने छैन ।

२.९ उल्लेखित अवस्थामा बैंकको कुनै पनि दायित्व रहने छैन:

२.९.१ कुनै प्राप्त आदेश असल नियतले पालना गर्दा

२.९.२ बैंकले कुनै वा सबै आदेशहरुको पालना गर्दा गल्ती, असक्षम, विलम्ब वा असफल भएमा

२.९.३ जानकारी/आदेशहरु सम्बन्धित पक्षसम्म स्थानान्तरण/हस्तान्ताण हुनु अगावै हराएमा वा क्षति भएमा

२.९.४ कुनै जानकारी/ग्राहकले दिएको आदेशमा कुनै व्यक्तिको अनाधिकृत पँहुच भएमा वा गोपनियता भंग भएमा वा मोबाइलको अनाधिकृत पँहुच वा प्रयोग भएमा

२.१०कुनै मोबाइल सेवा प्रदायक वा कुनै तेस्रो सेवा प्रदायक पक्ष, (जस मार्फत बैंकले सेवा उपलब्ध गराउँदछ) र ग्राहक बिचको विवादमा बैंकको कुनै सरोकार रहने छैन । मोबाइल सेवा प्रदायक वा कुनै तेस्रो सेवा प्रदायक पक्षले उपलब्ध गराएको सेवाको गुणस्तरको प्रतिभुति बैंकले दिने छैन ।

**३. यस सेवाको लागि ग्राह्य:**

३.१ एसएमएस बैंकिङ्ग/एम- वालेट सेवा नितान्त व्यक्तिगत प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्ने छ ।

३.२ यस बैंकमा बचत, कल वा चल्ती खाता भएका ग्राहकहरु अथवा ग्राहकको खाता संचालन गर्नको लागि विना शर्त अख्तियार प्राप्त कुनै पनि व्यक्ति ।

३.३ यदि संयुक्त खाता भएमा, संयुक्त खातावालाहरुले यस सेवा प्रयोग गर्नको लागी लिखित रुपमा अख्तियारी आज्ञापत्र/आदेश उपलब्ध गराउनु पर्दछ । यस्तो सेवा प्रयोगबाट भए गरेका कारोवारहरुको दायित्व संयुक्त खातावालाहरु एकल तथा संयुक्त रुपमा रहने छ ।

३.४ यदि खातावाला नाबालक भएमा, खाता खोल्ने आवेदन फारममा उल्लेख भएको अभिभावक नै यस सेवा संचालन गर्न ग्राह्य हुनेछ ।

३.५ कुनै कारण खुलाइ वा नखुलाई कुनै पनि एसएमएस बैंकिङ्ग/एम- वालेट सेवाको आवेदन स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहने छ ।

**४. शुल्कहरु:**

४.१ बैंकले समय समयमा ग्राहकलाई लिखित जानकारी दिई वा नदिई एसएमएस बैंकिङ्ग/एम- वालेट सेवामा लागु हुने वार्षिक सेवा शुल्क वा कारोवार शुल्क निर्धारण र परिवर्तन गर्न सक्दछ । ग्राहकले सम्बन्धित एसएमएस बैंकिङ्ग/एम- वालेट सेवाको प्रयोग कायम राखेमा, सो शुल्कहरु मंजुर गरेको सम्झनु पर्छ । एम- वालेट प्रयोगकर्ताले स्वत: दुवै सेवाहरु (एसएमएस बैंकिङ्ग/एम- वालेट) प्रयोग गर्ने हुनाले एम- वालेटको दर्ता शुल्क/वार्षिक शुल्क एसएमएस बैंकिङ्गको भन्दा धेरै हुन सक्नेछ ।

४.२ बैंकले समय समयमा निर्धारण गरे बमोजिमका शुल्क तथा दस्तुरहरु ग्राहकको खाताबाट कट्टी गर्ने अधिकार रहनेछ, सेवा प्रयोगकर्ताले सो सम्बन्धि पूर्ण अख्तियारी बैंकलाइ प्रदान गर्नेछ ।

४.३ बैंकले लागु गरेको सेवा शुल्क तथा कारोवार शुल्क बाहेक ग्राहकले एसएमएस बैंकिङ्ग/एम- वालेट सेवा प्रयोग गरे बापत मोबाइल सेवा प्रदायक, भुक्तानी पाउने संस्था वा अन्य कुनै तेस्रो पक्ष सेवा प्रदायकले लागु गरेको शुल्कहरुको दायित्व ग्राहकको हुनेछ ।

**५. क्षतिपुर्ति:**

५.१ ग्राहक बैंकले प्रदान गरेको एसएमएस बैंकिङ्ग/एम- वालेट सेवाको सबै कारोवारको पूर्ण रुपमा जिम्मेवार रहने छ र सो को लागि जुनसुकै समय पनि बचनबद्ध रहने छ ।

५.२ बैंकले, बैंकको ग्राहकले वा कुनै तेस्रो पक्षले कुनै क्षति व्यहोर्नु परेमा वा कुनै तेस्रो पक्षले सो सेवा वापत दावी गरेमा ग्राहकले क्षतिपूर्ति प्रदान गर्नु पर्दछ ।

५.३ ग्राहक यस सेवा तथा बैंकले भविष्यमा उपलब्ध गराउने यस सेवासँग सम्बन्धित अरु कुनै सेवाहरुको शर्त तथा नियमहरु पालना गर्न मंजुर गर्नु पर्दछ ।

६. ग्राहकले एसएमएस बैंकिङ्ग/एम- वालेट सेवा मार्फत भुक्तानी वा रकमान्तर गरिसकेपछि सो कारोवार बदर गरिने छैन । भुल बस कुनै कारोबार भएमा समेत रकम जम्मा भएको खातावालाबाट लिखित स्विकृती प्राप्त नभएमा कारोवार बदर वा रोक्का गरिने छैन ।

७. सेवा लिन नचाहेमा सेवा नविकरण गर्ने मितिको कम्तिमा एक महिना अगाडिनै लिखित जानकारी बैंकमा दिनुपर्ने छ, अन्यथा सेवा स्वत: नविकरण गरिने र सो वापतको शुल्क खाताबाट कट्टि गरिनेछ । उल्लेखित मिति सम्म सेवा नलिने सूचना नदिएमा खाताबाट खर्च गरी लिईएको शुल्क फिर्ता गरिनेछैन र शुल्क असुल गर्न पर्याप्त मौज्दात नभएमा सेवा नविकरण गरिने छैन ।

मिति: ____________________ ________________________ ________________________

आवेदकको हस्ताक्षर